# आमा प्रतिक्षा घर निर्माण तथा सामाग्री खरिद कार्यक्रम सञ्चालन प्रक्रिया,२०७९

१. **विनियोजित बजेटः** ६०००००।

२. **उद्देश्यः** यस कार्यक्रमको प्रमुख उद्देश्य गाउँपालिकाभित्र सञ्चालित बर्थिङ सेन्टरहरु प्रति नागरिकहरुको आकर्षण बढाउन, सुरक्षित संस्थागत प्रसुती सेवा मार्फत मातृशिशु मृत्युदर न्युनिकरण गर्नु र घरमा प्रसुती शुन्य गाउँपालिकाका रुपमा स्थापित गर्नु ।

३. **कोषको व्यवस्थाः** यस कार्यक्रम सञ्चालन गर्न गाउँपालिका वा अन्य जुनसुकै स्रोतबाट प्राप्त रकम लाई छुट्टै कोष बनाइ जम्मा गर्न सकिनेछ ।

४. **प्रयोजनः**गाउँपालिका भित्रका बर्थिङ सेन्टरहरुमा प्रसुती गराउन आउने प्रसुतीहरु निजका सहयोगीहरु\आफन्तहरुका लागि निशुल्क खाना तथा बस्ने व्यवस्था गर्ने (ग्याँस, भाँडा, खाद्यान्न, बिस्तारा,फर्निचर), प्रसुतिलाई पोषिलो खाना, फलफूल,प्रसुती र बच्चालाई न्यानो गरी राख्नका लागि हिटर आदिको व्यवस्था गर्ने ।

५. **कोष सञ्चालनको विधिः** सम्बन्धित स्वास्थ्यचौकी प्रमुख वा बर्थिङको लागि जिम्मेवार कर्मचारी (अनमी) को नाममा पेश्की उपलब्ध गराउने र निजहरुले आवश्यक बिल, भरपाई लगायत खर्चको प्रमाण पेश गरी फछ्र्यौट गर्ने ।

६. **सम्बन्धित स्वास्थ्य संस्थाको जिम्मेवारीः** दफा २ बमोजिम आमाघरका लागि आवश्यक सामाग्रीहरु खरिद तथा निर्माण गरी प्रबन्ध गर्ने ।

७. **लाभग्राहीहरुको कर्तव्यः** यस कार्यक्रमबाट सेवा लिने लाभग्राहीहरुले सम्बन्धित स्वास्थ्य संस्थामा उपलब्ध गराइएका सेवाहरु र सरसामानहरुको प्रयोग गर्दा कुनै प्रकारले क्षति वा दुरुपयोग गर्न नहुने, मितव्ययी रुपले सदुपयोग गर्नुपर्ने, नियतवश क्षति पुर्याएमा वा दुरुपयोग गरेमा सो क्षतिको असुल उपर गरिनेछ ।

८. **प्रतिवेदनः** मासिक\चौमासिक रुपमा स्वास्थ्य चौकी प्रमुखले स्वास्थ्य संयोजकलाई र स्वास्थ्य संयोजकले एकीकृत रुपमा प्र.प्र.अ समक्ष र प्र.प्र.अ ले कार्यपालिका बैठकमा पेश गर्ने ।

९. **अनुगमनः** यस कार्यक्रमको अनुगमन स्वास्थ्यचौकी व्यवस्थापन समिति र गाउँपालिकाबाट गर्न सकिनेछ ।